# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, साउन ५ गते, २०८२ साल (संख्या २०

## भाग ५

## निर्वाचन आयोगको

### सूचना-१

निर्वाचन आयोगले संवत् २०८२ साल कात्तिक १७ गते रुपन्देही जिल्ला, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. ३ को रिक्त प्रतिनिधि सभा सदस्यको उपनिर्वाचनको लागि संवत् २०८२ साल असार १६ गतेसम्म नामावली सङ्कलन भई संवत् २०८२ साल कात्तिक १६ गतेसम्ममा अठार वर्ष उमेर पूरा हुने व्यक्तिको नाम मतदाता नामावली ऐन, २०७३ को दफा ६ को खण्ड (ख) बमोजिम मतदाता नामावलीमा दर्ता गर्ने गरी तोकेकोले यो सूचना प्रकाशन गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना-२

निर्वाचन आयोगले मतदाता नामावली ऐन, २०७३ को दफा १३, १४, १५, १६, १७ र १८ बमोजिम देहायको मतदाता नामावली अध्यावधिक (दाबी विरोध समेत) कार्यक्रम प्रकाशन गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

| क्र. सं. | क्रियाकलाप | देखि | सम्म | कार्य सम्पादन हुने स्थान/सम्पर्क गर्ने स्थान |
|---|---|---|---|---|
| १ | आयोगको वेबसाइटमा मतदाता नामावली प्रकाशन गर्ने | २०८२।४।१४ | | https://www.election.gov.np सूचना प्रविधि शाखा |
| २ | मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने | | | |
| ३ | कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | | | |
| ४ | कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने | २०८२।४।१५ | २०८२।४।२२ | अनलाइन (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालय |
| ५ | मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | | | |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ६ | नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने, बसाइँ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त गर्ने र सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाइँ सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त भएमा हटाउनुपर्ने भए हटाउने र अद्यावधिक गर्नुपर्नेलाई अद्यावधिक गर्ने। | २०८२।४।२२ | २०८२।४।२९ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| ७ | उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०८२।४।३० | २०८२।५।२ | निर्वाचन कार्यालय |
| ८ | मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने, नाम हटाउने लगायत कानून बमोजिम निर्णय गर्ने | २०८२।५।३ | २०८२।५।८ | निर्वाचन कार्यालय |
| ९ | नाम हटाइएको सूचना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी | २०८२।५।९ | २०८२।५।१६ | निर्वाचन कार्यालय र वडा कार्यालय |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | जिल्लामा अद्यावधिक भएको डाटासँगै आयोगमा पठाउने | | | |
| १० | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | २०८२।५।२५ | | निर्वाचन आयोग |

**आज्ञाले,**
**माहादेव पन्थ**
**सचिव।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।